संस्थाको निति निदैशिकाहरुको पुनरावलोकन कार्यशाला सम्पन्न

संस्थाको आयोजनामा मिति २०८२ साल चैत्र २७ र २८ गते संस्थाको शाखा कार्यालय भरतपुर १० मा चलेको सत्रमा संस्थाका कार्यसमितिका पदाधिकारी, आजीवन तथा साधारण सदस्यहरु र परियोजनामा कार्यरत कर्मचारी सहित १९ जनाको संलग्नतामा रहेको थियो । जसमा ११ वटा नीति निर्देशिकाहरुको पुनरावलोकन गदै २ दिने कार्यक्रम सम्पन्न भएको थियो ।

संस्थाका अध्यक्ष शालिग्राम शर्माले उक्त कार्यशालाको उद्घाटन गर्नभएको थियो भने कार्यक्रममा सहजीकरण संस्थाका पूर्व अध्यक्ष वीरभद्र आचार्य र सहजकर्ता रन्जन श्रेष्ठले गर्नुभएको थियो । हाल संस्थाले प्रयोगमा ल्याइएका बिभिन्न नीति तथा

निर्देशिकाहरुमा ब्यापक छलफल गदै आवश्यक सल्लाह, सुझाब दिदै संस्थाको आवश्यकता अनुसारका नयाँ नयाँ कुराहरु र संस्थालाई अगाडी बढाउने तौर तरिकाहरुमा सहभागी हुनु भएका सम्पूर्णको सल्लाह सुझाबलाई छलफल गदै संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरु अनुसार अद्यावधिक गर्दै जाने भन्ने विषयमा कार्यशालामा जोड दिइएको थियो ।

समापन सत्रमा अध्यक्ष शालिग्राम शर्माले यस कार्यशालाले संस्थालाई भावि दिशातिर उन्मुख गर्नको लागी निकै टेवा पुग्ने बिश्वास लिएको बताउदै सबैजनाले आ आफ्नो तर्फबाट सल्लाह सुझाबहरु, समन्वय,सहकार्य को खाचो रहको बताउदै २ दिने कार्यशालाको समापन गर्नुभएको थियो ।